# आकाशवाणी समाचार- नेपाली

मितिः २० मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- राष्ट्रपति द्रौपदी मुर्मु हिजदेखि तीन दिनको उत्तर प्रदेश भ्रमणमा हुनुहुन्छ। राष्ट्रपतिले आज वृंदावनमा रामकृष्ण मिशन सेवाश्रमको नंद किशोर सोमानी ऑन्कोलॉजी ब्लॉकको उद्घाटन गर्नुहुनेछ।
- प्रधानमंत्री नरेन्द्र मोदीले हिज कतरका अमीर शेख तमीम बिन हमद अल थानीको साथ टेलीफोनमा कुरा गर्नु हुदै भारत कतारसँग ऐक्यबद्धताका साथ खडा रहेको छ र यस क्षेत्रको ऊर्जा पूर्वाधारमाथि भएको आक्रमणको निन्दा गर्दछ भनि बताउनु भएको छ|
- भारतले खाडी क्षेत्रमा ऊर्जा प्रतिष्ठानहरूमा हालै भएको आक्रमणलाई अत्यन्त चिन्ताजनक बताउदै यी आक्रमणहरूले विश्व ऊर्जा परिदृश्यलाई अझ अस्थिर बनाउने खतरा रहेको बताएको छ|
- **महाराष्ट्रको गडचिरोली जिल्लामा 11 जना माओवादीले आत्मसमर्पण गरेका छन्।**
- **भारतले २०२८ को विश्व इन्डोर एथलेटिक्स च्याम्पियनसिपको आयोजना गर्नेछ।**

**राष्ट्रपति - वृंदावन**

राष्ट्रपति द्रौपदी मुर्मुले हिज उत्तर प्रदेशको वृंदावन स्थित प्रेम मंदिर र इस्कॉन मंदिरको भ्रमण गर्नुभयो र आरतीमा भाग लिनुभयो। उत्तर प्रदेश की राज्यपाल आनंदीबेन पटेलपनि आरतीमा शामेल भएकी थिइन्। राष्ट्रपति हिजदेखि तीन दिनको उत्तर प्रदेश भ्रमणमा हुनुहुन्छ। राष्ट्रपति मुर्मुले हिज बिहान अयोध्या स्थित श्री राम जन्मभूमि मंदिरको दर्शन गर्नुभयो र श्री राम यंत्र स्थापना समारोहमा भाग लिनुभयो। यस अवसरमा उहाँले भन्नु भयो कि देशले एक समावेशी समाज र विकसित राष्ट्र निर्माणको दिशामा प्रगति गरिरहेको छ। उहाँले विश्वास व्यक्त गर्नुभयो कि भगवान रामको आशीर्वादले देशले 2047 सम्म यी लक्ष्यहरु प्राप्त गर्नेछ।

राष्ट्रपतिले आज वृंदावनमा रामकृष्ण मिशन सेवाश्रमको नंद किशोर सोमानी ऑन्कोलॉजी ब्लॉकको उद्घाटन गर्नुहुनेछ । उहाँले उड़िया बाबा आश्रम र दावानल कुंडको पनि भ्रमण गर्नुहुनेछ। राष्ट्रपतिले वृंदावनमा नीब करोरी बाबाको समाधिमा पुष्पांजलि अर्पण गर्नुहुनेछ।

**प्रधानमंत्री - कतर अमीर**

प्रधानमंत्री नरेन्द्र मोदीले हिज कतरका अमीर शेख तमीम बिन हमद अल थानीको साथ टेलीफोनमा कुरा गर्नु हुदै उहाँलाई ईदको शुभकामना दिनु भयो। श्री मोदीले भन्नु भयो , भारत कतारसँग ऐक्यबद्धताका साथ खडा छ र यस क्षेत्रको ऊर्जा पूर्वाधारमाथि भएको आक्रमणको निन्दा गर्दछ। कतारमा भारतीय समुदायको हेरचाह र सहयोगका लागि आभार व्यक्त गर्नु हुदै प्रधानमन्त्री मोदीले कतारमा शान्ति र स्थायित्वको कामना गर्नु भयो। दुवै नेताले स्ट्रेट अफ होर्मुज हुँदै सुरक्षित र निर्बाध नौवहनमा जोड दिएका छन्।

**प्रधानमंत्री - इंदिरा गांधी राष्ट्रीय कला केंद्र**

प्रधान मन्त्री नरेन्द्र मोदीले हिज नयाँ दिल्लीमा इन्दिरा गान्धी राष्ट्रिय कला केन्द्रका ट्रस्टीहरूसँग भेट गर्नुभयो र देशको विविध संस्कृतिलाई अझ लोकप्रिय बनाउने उपायहरूबारे छलफल गर्नुभयो। एक सामाजिक मिडिया पोस्टमा, श्री मोदीले भन्नु भयो कि यस यात्रामा धेरै व्यक्तिहरूलाई जोड्ने, डिजिटल र ग्रासरुट पहलहरूको माध्यमबाट पहुँच बढाउने र देशको समृद्ध सम्पदाको संरक्षण र प्रवर्द्धनमा कलाकार र विद्वानहरूलाई सहयोग पुर् याउने तरिकाहरूमा छलफल भएको थियो।

## विदेश मंत्रालय ब्रीफिंग

भारतले खाडी क्षेत्रमा ऊर्जा प्रतिष्ठानहरूमा हालै भएको आक्रमणलाई अत्यन्त चिन्ताजनक बताएको छ । विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले यी आक्रमणहरूले विश्व ऊर्जा परिदृश्यलाई अझ अस्थिर बनाउने खतरा रहेको बताउनु भएको छ।उहाँले यस्ता आक्रमण अस्वीकार्य भएको र यसलाई रोक्नुपर्नेमा जोड दिनुभएको छ ।
श्री जयसवालले भन्नु भयो कि एलपीजीको उपलब्धताको अनुगमन भइरहेको छ। सरकारले आन्तरिक उपभोक्तालाई प्राथमिकतामा राख्दै ऊर्जाका विभिन्न स्रोतको प्रयोगमा जोड दिइरहेको छ । बंगलादेश, श्रीलङ्का र माल्दिभ्सलगायत अन्य छिमेकी देशहरूले भारतसँग ऊर्जा सहयोगको माग गरेका छन् ।
श्री जयसवालले भन्नुभयो, पश्चिम एशियाको मुद्दामा भारतले आफ्नो अडान स्पष्ट पारिसकेको छ। उहाँले भन्नु भयो कि भारतले अफगानिस्तानमा पाकिस्तानी हवाई हमलाको निन्दा गर्दछ किनकि यसले नागरिक पूर्वाधारहरूलाई लक्षित गरेको छ । पाकिस्तानमाथि अमेरिकी राष्ट्रिय गुप्तचर निर्देशक तुलसी गाबादको बयानको जवाफमा श्री जायसवालले भन्नुभयो, पाकिस्तानको परमाणु प्रसारको लामो इतिहास रहेको छ र यो आफ्नो परमाणु गतिविधिहरूका कारण सम्पूर्ण विश्वका लागि खतरा हो।

स्ट्रेट अफ होर्मुजका नाविकहरूको बारेमा बोल्नु हुदै श्री जायसवालले भन्नुभयो, भारतमा ठूलो संख्यामा समुद्री यात्रीहरू छन् र तिनीहरूमध्ये लगभग 90% विश्वभरि नौवहन सेवाहरूमा काम गर्छन्। हाल स्ट्रेट अफ होर्मुजमा भारतसँग २२ वटा जहाज छन् जसमा ६११ भारतीय नाविक सवार छन् । श्री जायसवालले आश्वासन दिनुभयो कि भारत सरकार कम्पनीहरूसँग सम्पर्कमा छ र धेरै समुद्री यात्रीहरू सुरक्षित रूपमा फर्किएका छन्।
इरानमा बस्ने भारतीय विद्यार्थीहरूको संख्याको बारेमा, श्री जयसवालले भन्नु भयो कि यीनमा कश्मीरका छात्राहरु पनि छन् जो चिकित्सा पढिरहेका छन्। यी विद्यार्थीलाई सहयोग गर्न सरकारले हरसम्भव प्रयास गरिरहेको छ । प्रवक्ताले इरान छोड्न चाहने हरेक भारतीयले पहिले भारतीय दूतावासमा सम्पर्क गर्नुपर्ने स्पष्ट पर्नु भएको छ । उहाँले आगामी केही दिनमा इरानबाट सबै विद्यार्थी स्वदेश फर्कने बताउनु भएको छ ।
चाबहार पोर्टको बारेमा कुरा गर्नुहुदै श्री जायसवालले भन्नु भयो कि अमेरिकाले चाबहार बन्दरगाहमा २६ अप्रिलसम्म प्रतिबन्धहरुलाई सशर्त खुकुलो बनाएको छ। यस सम्बन्धमा सरकार सबै सरोकारवालासँग सम्पर्कमा रहेको उहाँले बताउनु भएको छ ।

राष्ट्रीय अन्वेषण अभिकरण- एनआईएद्वारा छ युक्रेनी नागरिक र एक अमेरिकी नागरिकलाई हिरासतमा लिएको बारेमा श्री जयसवालले भन्नु भयो कि यो एक कानुनी मामिला हो र यसको अनुसन्धान भइरहेको छ। उहाँले हिरासतमा लिइएका नागरिकसँग कूटनीतिक कनेक्टिभिटीका लागि अनुरोध प्राप्त भएको र कानुनी आवश्यकतालाई ध्यानमा राखेर यस सम्बन्धमा निर्णय गरिने स्पष्ट पार्नुभयो ।

## केरल - कांग्रेस उम्मीदवार सूची

कांग्रेसले केरल विधानसभा चुनावको लागि उम्मीदवारहरुको दोस्रो सूची जारी गरेको छ ।जसमा 37 उम्मीदवार शामेल छन् । पार्टीका वरिष्ठ नेता वी.एस. शिवकुमारलाई **अरुविक्करा** निर्वाचन-क्षेत्रबाट र पूर्व विधायक के.एस. सबरीनाधन लाई **नेमोम** बाट उम्मीदवार बनाइएको छ । संदीप वारियर **त्रिकारिपुर** बाट , मोहम्मद शियास कोच्चि बाट , नट्टाकोम सुरेश **एट्टुमानूर** बाट र राज्य युवा कांग्रेस सचिव अबिन वर्की **अरनमुला बाट** उम्मीदवार हुनेछन् । पार्टीको पहिलो सूचीमा 55 उम्मीदवार रहेका थिए । केरलमा विधानसभा चुनाव 9 अप्रिलमा निर्धारित गरिएको छ ।

## आदिवासी होमस्टे कार्यशाला

**जनजातीय कार्य मंत्रालयले हिज नयाँ दिल्लीमा जनजातीय होमस्टे मालिकहरुको लागि कार्यशालाको आयोजन गरयो । यस आयोजनमा भारतीय पर्यटन विकास निगमको सहयोगमा गरिएको थियो । कार्यशालामा गुजरात, अरुणाचल प्रदेश र सिक्किमको जनजातीय होमस्टे मालिक शामिल थिए । कार्यशालामा सामुदायिक नेतृत्व रहेको पर्यटनलाई बढ़ावा दिने सरकारको प्रतिबद्धता माथि बल दिइएको थियो। यसमा प्रधानमंत्री जनजातीय आदिवासी न्याय महाअभियान, अनुसूचित जनजाति विकास कार्य योजना र आदि कर्मयोगी अभियान शामिल छन् । यी योजनाहरुको उद्देश्य सामुदायिक पर्यटनको माध्यमबाट आदिवासी आजीविकालाई बढ़ाउन हो ।**

**पुद्दुचेरी - ईवीएम परीक्षण**

पुडुचेरी विधानसभा चुनावलाई ध्यानमा राख्दै, पुडुचेरी र कराईकल जिल्लामा ईवीएम र वीवीपीएटी मेसिनहरूको पहिलो खेप पूरा भएको छायी मेसिनहरुलाई सम्बन्धित निर्वाचन अधिकारीहरुलाई हस्तान्तरण गरिएको छ। **यूरोपीय देश –**

**होर्मुज**

**ब्रिटेन, फ्रांस, जर्मनी, इटली, नीदरलैंड्स र जापानले होर्मुज जल-डमरूमध्यमा जहाजहरुको सुरक्षित आवाजाही सुनिस्चित गर्न मिलेर काम गर्न सहमति व्यक्त गरेको छ। यी देशहरुले ऊर्जा बाजारमा स्थिरता राख्न सबै आवश्यक कदम उठाउनमा पनि चर्चा भएको छ बताइएको छ।**

**महाराष्ट्र- नक्सल आत्मसमर्पण**

**महाराष्ट्रको गडचिरोली जिल्लामा 11 जना माओवादीले आत्मसमर्पण गरेका छन्। यसलाई ठूलो सफलता मानिएको छ। आत्मसमर्पण गर्ने हरुमा मण्डल कमिटी सदस्य, इलाका कमिटीका सचिव, कमाण्डर र एरिया कमिटी सदस्यका रुपमा सक्रिय माओवादी छन्। यी माओवादीहरु माथि कुल 68 लाख रुपियाँ इनामको घोषणा गरिएको थियो।**

**भारत - विश्व इंडोर एथलेटिक्स चैंपियनशिप**

**भारतले २०२८ को विश्व इन्डोर एथलेटिक्स च्याम्पियनसिपको आयोजना गर्नेछ। यो प्रतियोगिता उडिसाको भुवनेश्वरस्थित कालिङ्गा स्टेडियम कम्प्लेक्समा आयोजना हुनेछ। यो प्रथम पटक हो जब भारतलाई यो प्रतियोगिता आयोजना गर्ने अवसर प्राप्त भएको छ । यस वर्षको विश्व इन्डोर एथ्लेटिक्स च्याम्पियनसिप आजबाट पोल्यान्डको तोरुनमा सुरु हुँदैछ ।जसमा २६ स्पर्धाहरु हुनेछन्।**